केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।०२।१७)

गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत संगठन संरचना बमोजिम यस कार्यालयमा रिक्त रहेका प्राविधिक सव. इन्जिनियर र खा.पा.स.टे. पद (करार) मा पदपूर्ति गर्नु पर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| सूचना नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| ४७ | १२।२०७८-७९ | सव. इन्जिनियर | स्थानीय सेवाको पाँचौ तह सरह | ३ (तिन) |
| | १३।२०७८-७९ | खा.पा.स.टे. | स्थानीय सेवाको चौथो तह सरह | १ (एक) |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. **सब इन्जिनियर, तह ५, इन्जिनियरिङ सेवा, सिभिल समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण भई कम्तिमा ३ वर्षको सम्बन्धित क्षेत्रमा अनुभव हासील गरेको साथै Auto Cad, Microsoft Excel मा राम्रो दखल भएको।

ख. **खा.पा.स.टे., तह ४, इन्जिनियरिङ, सिभिल, स्यानिटरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा १ वर्षको अनुभव प्राप्त गरेको साथै खानेपानी तथा सरसफाई सम्बन्धी पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव भएको।

ग. माग गरिएको संम्बन्धित पदको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिइनेछ।

**नोटः** ग्रेडिङ प्रणाली लागु भए पश्चात प्रवेशिका परीक्षा (एस. एल. सी वा सो सरह ) परीक्षा उतिर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सो भन्दा माथीको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई र माध्यमिक शिक्षा परीक्षा (S.L.C.E.) उतिर्ण गर्ने उम्मेदवारहरुको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D र C.G.P.A. 1.6 प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।

२. **उमेरः** पुरुष उम्मेदवारको हकमा कम्तीमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३. **दरखास्त दिने स्थानः** केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला, खोटाङ (प्रशासन शाखा)।

४. दरखास्त दिने अन्तिम मितिः २०७९।०२।३१ गते कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट)।

५. **दरखास्त फारम र आवेदन दस्तुरः** सव. इन्जिनियर पदका लागि रु. ५००।– र खानेपानी तथा सरसफाई टेक्निसियन पदका लागि रु. ४००।- कार्यालयमा बुझाइ भौचर साथ आवेदन लिन सकिने अथवा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बाक्सिलामा रहेको केपिलासगढी गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. २०६०१००३०१०१०००५ मा रकम जम्मा गरि रकम जम्मा गरेको भौचर, आवश्यक कागजातहरु साथै आवेदन फारम भरि सम्पुर्ण कागजातलाई Scan गरि एउटै PDF फाईल बनाई यस कार्यायलको इमेल ठेगाना kepilasmun@gmail.com मार्फत पनि दरखास्त दिन सकिनेछ।

जयकुमार राई
प्रमुख प्रशासकीय अधिकृत

६. **छनौटको किसिमः** लिखित र मौखिक परीक्षा।

७. **आवेदन साथ संलग्न आवश्यक कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजको प्रतिलिपिहरुः

- नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि।
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपिहरु।
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
- अनुभव खुल्ने कागजातहरु।
- २ प्रति पासपोर्ट साइजको फोटो।

८. **सेवा सुविधाः** गाउँ पालिकाले तोके बमोजिम।

(**नोटः** आवेदन फाराम यस कार्यालयको वेव साइट www.kepilasgadhimun.gov.np मा उपलब्ध छ, अन्य जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।)

2068/02/16

अजम्बर राई
प्रमुख प्रशासकीय अधिकृत

अजम्बर राई
प्रमुख प्रशासकीय अधिकृत